मिति : २०७८ श्रावण ४ गते

स्थान : चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

कार्यक्रमको नाम : स्वास्थ्य संस्थाका प्रमुखहरुसँगको मासिक बैठक ।

## उपस्थिति

| क्र.स. | नाम/थर | पद | कार्यालय | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री राम बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | चौरजहारी नगरपालिका | | |
| २ | श्री रामकुमार गौतम | जनस्वास्थ्य अधिकृत | चौरजहारी नगरपालिका | | |
| ३ | श्री डण्ड प्रसाद शर्मा | ब.ल्या.अ. | चौरजहारी नगरपालिका | | ९८४८२६५०९५ |
| ४ | श्री शंकर बहादुर ओली | अ.हे.ब. | चौरजहारी नगरपालिका | | ९८६८९९६३४९ |
| ५ | श्री तिलक लामिछाने | अ.हे.ब. | आ.स्वा.से.केन्द्र वडा नं. ०१ | | 9868387273 |
| ६ | श्री तिलक कुमाल | हे.अ. | आ.स्वा.से.केन्द्र वडा नं. ०२ | | 9844885636 |
| ७ | श्री डिल्ली बहादुर बुढाथोकी | ज.स्वा.नि. | आ.स्वा.से.केन्द्र वडा नं. ०३ | | 9849302078 |

| क्र.स. | नाम/थर | पद | कार्यालय | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| ८ | श्री विपना रोकाए | अ.न.मी. | आ.स्वा.से.केन्द्र वडा नं. ०४ | | 9866166888 |
| ९ | श्री हिमालय राना | ज.स्वा.नि. | विजयश्वरी स्वा.चौ. | | ९८४१६३२४२६ |
| १० | श्री चुडामणी के.सी. | ज.स्वा.नि. | पुर्तिमकाँडा स्वा.चौ. | | |
| ११ | श्री राम बहादुर सुनार | ज.स्वा.नि. | कोटजहारी प्रा.स्वा.के. | | ९८५८०३३३८८ |
| १२ | श्री ठगेन्द्र घर्ती | हे.अ. | आ.स्वा.से.केन्द्र वडा नं. ०८ | | 9848064538 |
| १३ | यशोदा चन्द | अ.न.मि. | आ.स्वा.से.केन्द्र वडा नं. ०९ | | 9806282045 |
| १४ | श्री तिलक बहादुर घर्ती | ज.स्वा.नि. | खोलागाउँ स्वा.चौ. | | 9848157377 |
| १५ | दिपा ओली | अ.न.मि. | आ.स्वा.से.केन्द्र वडा नं. १२ | | 9868602968 |
| १६ | श्री डम्बर बहादुर राना | हे.अ. | आ.स्वा.से.केन्द्र वडा नं. १३ | | ९८६७१४२००० |
| १७ | श्री छविलाल खड्का | ~~हे.अ.~~ प्र०स्वा० नि० | नुवाकोट स्वा.चौ. | | ९८४६३४३५३६ |
| १८ | श्री कृष्ण बहादुर विष्ट | सि० अ.हे.व. | तिमिलेपोरी शहरी स्वास्थ्य सेवा केन्द्र, वडा नं. १४ | | ९८६३२०६३६८ |
| १९. | विश्वप्रकाश ज्योती | हे.अ. | शहिद स्मृती नगर अस्पताल चौरपा-१० | | ९८६०२००२२० |

## मिति २०७८/०४/०४ गते बसेको स्वास्थ्य संस्था प्रमुखहरुको बैठकमा पेश भएका प्रस्ताव तथा भएका निर्णयहरु

### (क) प्रस्तावहरु

१. आ.व. २०७७/०७८ को स्वास्थ्य क्षेत्रको बजेट कार्यान्वयन एवम् समग्र स्वास्थ्य सेवा प्रवाहको समीक्षा गर्ने सम्बन्धमा ।

२. आ.व. २०७८/०७९ को स्वास्थ्य क्षेत्रको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा ।

३. आन्तरिक तथा अन्तिम लेखापरीक्षणको तयारी गर्ने सम्बन्धमा ।

४. जिन्सी निरीक्षण प्रतिवेदन तथा जिन्सी मौज्दातको वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

५. कार्यसम्पादन मूल्याङ्कन फारम तथा सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।

६. मासिक प्रतिवेदन (HMIS 9.3) र त्रैमासिक प्रतिवेदन (LMIS) पेश गर्ने सम्बन्धमा ।

७. विविध ।

### (ख) निर्णयहरु

१. आ.व. २०७७/०७८ को स्वास्थ्य क्षेत्रको बजेट कार्यान्वयन एवम् समग्र स्वास्थ्य सेवा प्रवाहको सम्बन्धमा समीक्षा गरियो । समीक्षा अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको कार्यमा उल्लेख्य सफलता हासिल भएको, केही स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था वाहेक अधिकांश स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था सेवा प्रवाहमा क्रियाशिल रहेको पाईयो । आ.व. २०७७/०७८ मा स्वास्थ्य क्षेत्रमा विनियोजन भएको बजेट रु. ८ करोड ५९ लाख ३२ हजार रहेकोमा वास्तविक खर्च रु ८ करोड १७ लाख ३० हजार अर्थात् ९५.११ प्रतिशत रहेको छ । समग्रमा स्वास्थ्य सेवा प्रवाह राम्रो

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

रहेको पाईयो । स्वास्थ्य क्षेत्रको सूचकसहितको वार्षिक समीक्षा यथाशीघ्र गर्ने निर्णय गरियो ।

२. आ.व. २०७८/०७९ को बजेट कार्यान्वयनको लागि कार्ययोजना निर्माण गर्ने र कार्ययोजना निर्माणको लागि स्वास्थ्य तथा सामाजिक विकास शाखाको संयोजकत्वमा कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी प्रमुख सदस्य रहेको कार्ययोजना निर्माण कार्यदल गठन गर्ने निर्णय गरियो ।

३. आ.व. २०७७/०७८ को आर्थिक कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षणको लागि आवश्क तयारी गर्ने । लेखापरीक्षणको लागि आवश्यक कागजात, प्रतिवेदन, दाखिला रिपोर्ट लगायत पेश गर्नुपर्ने सम्पूर्ण कागजात एवम् प्रमाण यथाशीघ्र आर्थिक प्रशासन शाखामा पेश गर्ने । लेखापरीक्षणको काम नटुङ्गेसम्म कोहीपनि विदामा बस्न नपाईने ।

४. सबै स्वास्थ्य संस्थाहरुले जिन्सी निरीक्षण प्रतिवेदन तथा जिन्सी मौज्दातको वार्षिक प्रतिवेदन तयार गरी यही २०७८/०४/१५ गतेभित्र सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखामा पेश गर्ने ।

५. आ.व. २०७७/०७८ को कार्यसम्पादन मूल्याङ्कन फारम भरी यही २०७८/०४/०७ गतेसम्म नगरपालिकामा दर्ता गराउने । आ.व. २०७७/०७८ को सम्पत्ति विवरण भरी उक्त सम्पत्ति विवरण खामबन्दी गरी खामको बाहिर आवश्यक विवरण भरी यही २०७८ भाद्र २८ गतेभित्र नगरपालिकामा दर्ता गराउने ।

६. कोभिड-१९ महामारी कम भएतापनि जोखिम घटिनसकेको हुँदा यसको रोकथाम, नियन्त्रण र उपचारमा पूर्ववत् रुपमा क्रियाशिल हुने । कोरोना भाईरस विरुद्धको खोप सुव्यवस्थित र प्रभावकारी ढङ्गले तोकिएको लक्षित व्यक्तिहरुलाई लगाउने व्यवस्था मिलाउने । दैनिक रुपमा नगरपालिकामा रिपोर्टिङ गर्ने कार्यलाई निरन्तरता दिने ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

७. केही स्वास्थ्य संस्थाहरुको मासिक प्रतिवेदन (HMIS 9.3) र त्रैमासिक प्रतिवेदन (LMIS) समयमा प्राप्त नभएकोले अब उप्रान्त मासिक प्रतिवेदन प्रत्येक महिनाको चार गतेभित्र र त्रैमासिक प्रतिवेदन हरेक तीन महिना समाप्त भएको अर्को महिनाको सात गतेभित्र स्वास्थ्य तथा सामाजिक विकास शाखामा अनिवार्य रुपमा पठाउने ।

८. बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।

२०८०।०८।०४

... बहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत